Akron Children's Hospital

**प्रयोजन**:
बिरामी र तिनका परिवार वा अभिभावकहरूलाई आर्थिक सहायता वा बिलहरू तिर्न मद्दत चाहिनेहरूका लागि Akron Children's ले मद्दत गर्न सक्ने आर्थिक सहायता कार्यक्रम र नीतिहरूका बारेमा बताउन ।

**नीति:**
**आर्थिक सहायता कार्यक्रम:** Akron Children's Hospital (Children's) हामीले सेवा गर्ने बिरामीहरूलाई गुणस्तरीय सेवा प्रदान गर्ने प्रतिबद्ध छ । Children's ले कुनै पनि व्यक्तिको आर्थिक अवस्था वा उनीहरू हाम्रो आर्थिक सहायता नीति अन्तर्गत सहायताका लागि योग्य हुन् वा नहुन्, सो कुराको नगरी आपत्कालीन मेडिकल उपचार उपलब्ध गराउन आपत्कालीन मेडिकल उपचार तथा श्रम ऐन (Emergency Medical Treatment and Labor Act, EMTALA) र Joint Commission का मापदण्डहरूको पालना गर्दछ । त्यस बाहेक, Children's ले आपत्कालीन मेडिकल उपचार र चिकित्सकीय हिसाबले आवश्यक सेवा खोज्ने मानिसहरूलाई उपचार अघि भुक्तानी वा हामीलाई आपत्कालीन मेडिकल उपचार उपलब्ध गराउनबाट रोक्ने कर्जा सङ्कलन गतिविधिहरूलाई अनुमति दिएर निरुत्साहित गर्दैन ।

Children's ले परिवारहरूलाई अस्पताल खर्चहरू बेहोर्नमा सघाउनका लागि व्यावसायिक बीमा कम्पनीहरू, Medicaid, र अन्य प्रान्तीय तथा स्थानीय कार्यक्रमहरूबाट तेस्रो-पक्षीय कभरेजका लागि आवेदन दिन मद्दत गर्न लाग्ने शुल्कहरूका लागि सबल वित्तीय परामर्श कार्यक्रम प्रदान गर्दछ । बीमा कभरेज उपलब्ध छैन भने वित्तीय परामर्शले परिवारहरूलाई उनीहरूले प्राप्त गर्न योग्य हुन सक्ने अन्य आर्थिक सहायता प्राप्त गर्न मद्दत गर्ने छ । धेरै न्यून बीमा वा बीमा नै नगरेका बिरामीहरूको हकमा, परिवारको संख्या (व्यक्तिहरूको संख्या), आय (उनीहरूले कति आमदानी गर्दछन्) र निवास (उनीहरू ओहायोमा बसोवास गर्छन् कि गर्दैनन्) को आधारमा आर्थिक सहायता प्रदान गरिन्छ । अन्य सबै उपलब्ध तेस्रो-पक्षीय स्रोतहरू प्रयोग गरिसकेपछि वा बिरामी कुनै तेस्रो-पक्षीय लाभहरू पाउन योग्य नभएको खण्डमा मात्र आर्थिक सहायता प्रदान गरिन्छ । सबै आवेदकहरूलाई सरकारी कार्यक्रम (जस्तै, Medicaid) कभरेजका लागि स्क्रिन गरिने छ र HCAP वा Children's Charity Care का लागि विचार गरिन सरकारी आवेदन प्रक्रिया पूरा गर्नुपर्ने छ ।

**अस्पताल सेवा आश्वासन कार्यक्रम (HOSPITAL CARE ASSURANCE PROGRAM, HCAP/नि:शुल्क सेवा):**
बिरामीहरू ओहायोका बासिन्दा भएमा, उनीहरूको सकल आय संघीय गरीबी स्तर बराबर वा सोभन्दा कम भएमा Medicaid प्राप्त गरिरहेका छैनन् र Medicaidका लागि आवेदन गरेका छैनन् र निम्न कारणहरूले गर्दा अस्वीकार गरिएको छैन भने उनीहरू अस्पताल सेवा आश्वासन कार्यक्रम (HCAP/निःशुल्क सेवा) का लागि योग्य हुन सक्छन् ।

- आवेदन प्रक्रिया पूरा गरिएन
- मागिएका कागजातहरू उपलब्ध गराइएन

**CHILDREN'S CHARITY CARE कार्यक्रम:**
हामीले बिरामीहरू HCAP वा Medicaidका लागि योग्य भएको कुरा थाहा पायौँ भने उनीहरूलाई Children's Charity Care कार्यक्रमका लागि विचार गर्नु अघि हामी परिवारहरूलाई ती कार्यक्रमहरूका लागि आवेदनहरू पूरा गर्न लगाउनुका साथसाथै ती कार्यक्रमहरूका लागि मागिएका कागजातहरू उपलब्ध गराउन सहयोग गर्ने छौँ । परिवारहरू Medicaid वा HCAP का लागि योग्य छैनन् भने उनीहरू Children's Charity Care कार्यक्रमका लागि योग्य हुन सक्ने छन् । त्यस बाहेक, Children's Charity Care कार्यक्रमका लागि योग्य परिवारहरू या त बीमा नगरेको वा Akron Children's इन-नेटवर्क स्वास्थ्य योजना (अनुसूचित ऐच्छिक सेवाहरूका लागि) मा बीमा गरेको हुनुपर्ने छ । संघीय गरीबी स्तर आय दिशानिर्देशहरूको 400% वा सोभन्दा कम सकल आय भएका परिवारहरू च्यारिटी केयरका लागि योग्य हुन सक्छन् । संघीय गरीबी स्तरको 400% भन्दा माथिको घरायसी आम्दानी भएका बिरामीहरूका लागि विचार गरिएको कुनै पनि अपवादलाई प्रमुख वित्तीय अधिकारी र प्रमुख मेडिकल अधिकारीको अध्यक्षतामा गठिन आर्थिक सहायता समितिले समीक्षा र अनुमोदन गर्ने छ । वित्तीय परामर्श मार्फत अपील गर्न सकिने छ ।

**सामान्यतया बिल गरिने रकम (Amount Generally Billed, AGB)**: आर्थिक सहायताका लागि योग्य बिरामीहरूलाई आपत्कालीन वा अन्य चिकित्सकीय हिसाबले आवश्यक हेरचाहका लागि सामान्यतया बीमा गरेका बिरामीहरूलाई बिल गरिने रकमभन्दा बढी शुल्क लगाइने छैन ।

**आर्थिक सहायताका लागि कसरी आवेदन गर्ने:** आर्थिक सहायता आवेदन, वित्तीय सहायता नीति र यो सरल भाषामा सारांश विभिन्न भाषाहरूमा उपलब्ध छन् । ती दस्तावेजहरू यहाँ फेला पार्नुहोस्:

- 330-543-2455 मा डायल गरी वित्तीय परामर्शदातालाई फोन गरेर निःशुल्क प्रतिलिपि हुलाक वा इमेल मार्फत पठाउन अनुरोध गर्नुहोस् ।
- आफ्नो MyChart खाता मार्फत आर्थिक सहायताका लागि आवेदन दिनुहोस्
- हुलाक वा इमेल मार्फत ती दस्तावेजका प्रतिहरू माग्न हाम्रो वित्तीय परामर्शदाताहरूलाई FinCounsel@akronchildrens.org मा इमेल गर्नुहोस्
- One Perkins Square, Akron, OH 44308 मा वित्तीय परामर्श कार्यालयलाई पत्र लेखेर नि:शुल्क प्रति हुलाक मार्फत पठाइदिन अनुरोध गर्नुहोस्
- Akron Children's को यस वेबसाइटमा हेर्नुहोस्: https://www.akronchildrens.org/pages/Financial-Assistance.html
- One Perkins Square, Akron, OH, 44308 मा अवस्थित हाम्रो Akron क्याम्पसमा रहेको मुख्य अस्पताल भवनको तेस्रो तल्लामा रहेको हाम्रो भर्ना कार्यालयमा व्यक्तिगत रूपमा जानुहोस्

**कागजात सम्बन्धी मापदण्डहरू:** आवेदन दिनका लागि, तपाईंले आफ्नो निवास स्थान र आम्दानी सम्बन्धी जानकारी लगायत तपाईंको योग्यतालाई असर गर्न सक्ने कुनै पनि विवरण प्रमाणित गर्नका लागि कागजातहरू उपलब्ध गराउनुपर्ने छ ।

**असामान्य सङ्कलन कार्यहरू:** तपाईंले आफ्नो बिल तिर्नुभएन भने हामी तपाईंले तिर्नुपर्ने हिसाब सङ्कलन एजेन्सीमा पठाउन सक्छौँ र यसले नतिरेको ऋणको क्रेडिट रिपोर्टिङ, कानूनी फैसला, ज्याला रोक्का, बैंक खाता रोक्का वा व्यक्तिगत सम्पत्तिमा हकाधिकार हुन सक्ने छ ।